## नगरपालिका स्थित सहकारी संस्थाहरुलाई प्रदान गरिने

# अनुदान (साझेदारी) कार्यक्रम सम्बन्धी निर्देशिका, २०७५

छेडागाड नगरकार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

कार्यपालिकाबाट पारित मिति: २०७५।१०।०९

**नगरपालिका स्थित सहकारी संस्थाहरुलाई प्रदान गरिने**

**अनुदान (साझेदारी) कार्यक्रम सम्बन्धी निर्देशिका, २०७५**

**१. पृष्ठभूमी :**

छेडागाड नगरपालिका क्षेत्र भित्रका सहकारीहरु मार्फत कृषि उत्पादन तथा व्यवसायिकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवं कृषि व्यवसायी बिच आपसी सहकार्य गरी कृषि क्षेत्रको उत्पादकत्व अभिबृद्धिका लागि आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नगरपालिका स्थित **सहकारी संस्थाहरुलाई प्रदान गरिने अनुदान (साझेदारी) कार्यक्रम सम्बन्धी निर्देशिका, २०७५** बनाई लागु गरेको छ ।

**२. निर्देशिकाको नाम र लागु हुने मिति :** (१) यस निर्देशिकाको नाम "**नगरपालिका स्थित सहकारी संस्थाहरुलाई प्रदान गरिने अनुदान (साझेदारी) कार्यक्रम सम्बन्धी निर्देशिका, २०७५**" रहेको छ ।

(२) यो निर्देशिका मिति २०७५।१०।०९ देखि लागु हुनेछ ।

**३. परिभाषा :**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क)"**नगरपालिका**" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको स्थानीय तह सम्झनुपर्छ ।

(ख)"**सहकारी संस्था**" भन्नाले स्थानीय समुदायका व्यक्तिहरु मिलेर सामुदायिक भलाई र उन्नतीको भावनाबाट प्रचलित कानून बमोजिम स्थापना गरिएको संस्था भन्ने बुझ्नुपर्छ ।

(ग) "**मूल्यांकन समिति**" भन्नाले दफा ६ बमोजिमको समिति बुझ्नुपर्छ ।

(घ) "**अनुदान**" भन्नाले सहकारी संस्थाहरुले यस नगरपालिकाबाट प्राप्त गर्ने सहयोग सम्झनुपर्छ ।

(ङ) "**विउ पुँजी**" भन्नाले संस्थाको आर्थिक बृद्धिको लागि वीउँको रुपमा राखिएको रकम ।

(छ) "**ऋण पुँजी**" भन्नाले भविष्यमा निश्चित व्याज सहित फिर्ता गर्नको लागि लगानी गरिएको रकम ।

(ज) "**साझेदारी**" भन्नाले सम्बन्धित संस्था (३० प्रतिशत) र नगरपालिका (७० प्रतिशत) बीचको द्विपक्षीय साझा लगानी ।

**४. अनुदानको निवेदन दर्ता गर्ने :** अनुसूची १ बमोजिमको संस्थाले आर्थिक वर्षको प्रथम र दोश्रो चौमासिक अवधिभित्र अनुसूची २ बमोजिमको फाराम भरी आवश्यक पर्ने कागजात संलग्न राखी नगर कार्यपालिकाको कार्यालयको सहकारी उपशाखामा निवेदन दिनुपर्नेछ ।

**५. अनुदान दिने आधारहरु :** (१) दफा ४ बमोजिम निवेदन दर्ता गर्ने सहकारी संस्थाहरु अनुदान प्राप्त गर्न योग्य भए नभएको मुल्यांकन गर्ने आधारहरु देहाय बमोजिम हुनेछन् :

(क) सहकारी संस्थाको कानूनी हैसियत

(ख) सहकारी संस्थाको कार्य क्षेत्र

(ग) सहकारीको कार्यानुभव

(घ) मानवीय, वित्तीय र भौतिक स्थिती

(ङ) नगरपालिकाको नीति/कार्यक्रमलाई सघाउ

(च) लक्षित/लाभान्वित सेवाग्राहीहरु

(छ) कार्यालय व्यवस्थापन तथा नियमित कृयाकलाप संचालन

(ज) अन्य थप कुराहरु

(२) दफा (१) को खण्ड (क) को आधार पुरा गरेको सहकारी संस्था मात्र अनुदानको लागि अन्य खण्डका आधारहरुमा गरिने मुल्यांकनमा समावेश हुन योग्य मानिनेछ ।

**६. अनुदान मागको निवेदन उपर मुल्यांकन** : (१) दफा ५ बमोजिमका आधारहरुमा मुल्यांकन गरी अनुदानको लागि योग्य सहकारी संस्थाहरु छनौट गर्न देहायको एक मुल्यांकन समिति रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत : संयोजक

योजना शाखा प्रमुख : सदस्य

लेखा शाखा प्रमुख : सदस्य

जिल्ला सहकारी संघको प्रतिनिधी : सदस्य

सहकारी शाखा प्रमुख : सदस्य सचिव

(२) रित पूर्वक दर्ता हुन आएका निवेदनहरुको मुल्यांकन सम्भव भए सम्म आर्थिक वर्षको प्रथम चौमासिक र नभए दोश्रो चौमासिक भित्र गर्नुपर्नेछ र यसरी मुल्यांकन गर्दा समितिले अनुसूची ३ बमोजिमको फाराम प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मुल्यांकनमा कम्तिमा चालिस प्रतिशत  र सो भन्दा बढी अंक प्राप्त गर्ने सहकारी संस्थालाई अनुदानको लागि योग्य मानिनेछ ।

(४) मुल्यांकन कार्य समाप्त भएको तीन दिनभित्रमा मुल्यांकन समितिले योग्य र अयोग्य देखिएका संस्थाहरुको सूची सहितको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले मूल्यांकन गर्दा मुल्यांकन फाराममा उल्लेखित आधारहरुमा यस निर्देशिकाको मर्म विपरित नहुने गरी उपआधारहरु निर्माण गर्न सक्नेछ ।

**७. अनुदानको प्राथमिकता** : दफा ६ को उपदफा (४) बमोजिमको प्रतिवेदनमा समावेश गरिएका योग्य र अयोग्य संस्थाहरुलाई प्राप्त गरेको अंकको आधारमा देहायको प्राथमिकताक्रम अनुसार अनुदान निर्धारण गरिनेछ ।

(क) ८० प्रतिशत वा सो भन्दा माथिको अंक प्राप्त गर्ने सहकारी : पहिलो प्राथमिकता

(ख) ७०-७९ प्रतिशत अंक प्राप्त गर्ने सहकारी : दोश्रो प्राथमिकता

(ग) ६०-६९ प्रतिशत अंक प्राप्त गर्ने सहकारी : तेश्रो प्राथमिकता

(घ) ५०-५९ प्रतिशत अंक प्राप्त गर्ने सहकारी : चौथो प्राथमिकता

(ङ) ४०-४९ प्रतिशत अंक प्राप्त गर्ने सहकारी : पाँचौ प्राथमिकता

**८. अनुदानको बजेट व्यवस्था** : दफा ७ बमोजिमको प्राथमिकताक्रमका आधारमा योग्य संस्थाहरुलाई निर्धारण गरिएको अनुदान रकमको बजेट व्यवस्थाको लागि नगरसभाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा वित्तिय समानिकरण शिर्षकबाट अनुदानको व्यवस्था गर्नेछ ।

**९. अनुदान प्रदान गर्ने** : (१) दफा ८ बमोजिमको बजेट व्यवस्था भएकोमा बजेट तथा कार्यक्रममा प्रस्ताव गरिए अनुसार सबै योग्य सहकारी संस्थाहरुलाई निर्धारण गरिएको बजेट एकमुष्ठ रुपमा निकासा प्रदान गरिनेछ ।

तर नाम तोकेर बजेट विनियोजन भएको हकमा यो निर्देशिका बमोजिम मुल्यांकन लागु हुने छैन ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रममा प्रस्ताव गरिए भन्दा कम सहकारी संस्थाहरुको लागि मात्र बजेट व्यवस्थापन भएको खण्डमा अर्को आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा पुनः त्यस्ता सहकारी संस्थाहरुलाई प्राथमिकताका साथ समावेश गर्न सकिनेछ ।

१०. प्रगती प्रतिवेदन पेश गर्नुपर्ने : (१) अनुदान प्राप्त गर्ने सहकारी संस्थाले आर्थिक वर्ष समाप्त हुनुभन्दा एक महिना अगाडी नै वित्तिय र भौतिक प्रगती प्रतिवेदन र आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखापरिक्षण गरेको प्रतिवेदन र ६ महिना भित्र साधारणसभाको निर्णय पेश गनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगती प्रतिवेदन पेश नगर्ने वा सन्तोषजनक लगानी नगर्ने सहकारी संस्थाहरुलाई नगरकार्यपालिकाको कार्यालयले अनुदान दिएको रकम कानूनी प्रक्रिया पुर्‍याई फिर्ता लिनेछ ।

**११. अनुगमन तथा मुल्यांकन** : (१) नगरपालिकाले अनुदान प्राप्त गरेका सहकारी संस्थाहरुको अनुगमन तथा मुल्यांकन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनबाट सन्तोषजनक रुपमा प्रगती हासिल नगरेको वा प्राप्त अनुदान रकम हिनामिना र उत्पादनमूलक कार्यमा लगानी नगरेको पाईएमा रकम फिर्ता लिन सक्नेछ ।

१२ विविध : नगरपालिकाले यस निर्देशिकामा उल्लेखित प्रावधानहरुमा र निर्देशिकाको अनुसूचीहरुमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची २

**अनुदानको लागि मुल्यांकन फाराम**

### मुल्यांकनका आधारहरु र अंकभार

| क.सं. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | सहकारी संस्थाको कानूनी हैसियत | १५ | |
| २ | सहकारी संस्थाको कार्यानुभव | १५ | |
| ३ | सहकारी संस्थाको मानवीय अवस्था | १५ | |
| ४ | सहकारीको वित्तिय अवस्था | ३० | |
| ५ | सहकारीको कार्यक्षेत्र | १० | |
| ६ | सहकारीको भौतिक अवस्था | १५ | |
| | **जम्मा :** | १०० | |

मुल्यांकनको विषयमा कुनै टिप्पणी भए सो को व्यहोरा :

.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................

**मुल्यांकन समितिका सदस्यहरुको नाम तथा दस्तखत :**

**नाम :**

**सही :**

**नाम :**

**सही :**

**नाम :**

**सही :**

**नाम :**

**सही :**

---

**परीक्षण/मुल्यांकन गर्दा हेर्नुपर्ने कागजातहरु : (सूकहरु)**

(क) अनुदान प्राप्त गर्न संस्थाले भरेको फाराम

(ख) वित्तिय तथा भौतिक प्रगती प्रतिवेदन

(ग) लेखापरीक्षण प्रतिवेदन

(घ) संस्था दर्ता र नविकरणको प्रमाणपत्रहरु

(ङ) संचालक समितिका पदाधिकारीको नागरीकताको प्रतिलिपी र तिनपुस्ते विवरण

(च) सहकारी संस्थाको विनियमको प्रतिलिपी

(छ) कुनै आयआर्जनमूलक कार्यक्रम गरेको भए सो को प्रगती प्रतिवेदन

(ज) कुनैपनि गैरसरकारी संघ संस्थाबाट कार्यक्रम प्राप्त नगरेको

## अनुसूची १

अनुदान प्राप्त गर्नको लागि भर्नुपर्ने फाराम

**१. सहकारी संस्थाको परिचय**

नाम :

ठेगाना :

सम्पर्क टेलिफोन/मोवाईन नम्बर :

इमेल :

सम्पर्क व्यक्ति :

**२. संस्थाको कानूनी हैसियत**

सहकारी संस्था दर्ताको प्रमाणपत्र (दर्ता नम्बर र मिति) :

सहकारी संस्था दर्ता भएको निकाय र स्थान :

भ्याट नं./पाना नं. :

साधारणसभा मिति :

आवद्धता भएको संघ संस्था :

**३. सहकारी संस्थाको प्रकृति र बनावट (विनियम बमोजिम) र कार्यानुभव**

प्रमुख उद्देश्यहरु :

(क)

(ख)

(ग)

(घ)

(ङ)

**सहकारीको प्रकृति :**

**४. सहकारी संस्थाको मानवीय, वित्तिय र भौतिक स्थिती**

| मानवीय स्थिती | पूर्णकालिन | अल्पकालिन | कैफियत |
|---|---|---|---|
| क) सहकारी प्रशिक्षक | | | |
| ख) सहकारी व्यवस्थापक | | | |
| ग) लेखापाल | | | |
| घ) प्रशासनिक तथा अन्य कर्मचारीको विवरण | | | |

वित्तीय स्थिती : विगत तीन वर्षको प्रतिवर्ष औषत आर्थिक कारोबार (आय व्यय विवरणको एकतर्फी कारोबार) को रकम : ..................................................

| अनुदान/सहयोग गर्ने अन्य निकायहरु | प्राप्त भएको अनुदान रकम | प्राप्त भएको अन्य सहयोग |
|---|---|---|
| | | |
| | | |
| लेखापरीक्षण | .............वर्षसम्म भएको | हालसम्म हुन नसकेको |

भौतिक स्थिती :

| विवरण | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|
| आफनै भवन | | | |
| मेसिनरी औजारहरु ( कम्प्यूटर, डेस्कटप, ल्यापटप, प्रिन्टर आदिको संख्या | | | |
| सेयर सदस्य संख्या : | | | |
| जम्मा बचत रकम | | | |
| जम्मा बचत परिचालन | | | |
| जम्मा कार्यसमिति संख्या | | | |
| जम्मा : साधारण सदस्य संख्या | | | |
| अन्य | | | |

५. सहकारी संस्थाबाट आयआर्जन सम्बन्धी कार्यक्रमको विवरण

| कार्यक्रमको नाम | कार्यक्रमको कार्यक्षेत्र | जम्मा बजेट | समयावधी | जम्मा लाभग्राही |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. विगत ३ वर्ष देखिको आय व्ययको विवरण :

| विवरण | आ.व. | | | जम्मा : |
|---|---|---|---|---|
| | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | |
| बचत | | | | |
| ऋण लगानी | | | | |
| प्राप्त व्याज | | | | |
| अन्य निकायबाट प्राप्त अनुदान | | | | |

७. सहकारी संस्थाको संचालक समितिको विवरण

| क.सं. | पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**८. अनुदान माग रकम : रु........................................(अक्षेरुपी ................................................मात्र)**

**संलग्न गर्नुपर्ने कागजातहरु :**

सहकारी संस्था दर्ता र नविकरण प्रमाणपत्रका प्रतिलीपीहरु

भ्याट र प्यान भए सो को प्रतिलीपीहरु

सहकारीको वार्षिक भौतिक र वित्तिय प्रगती प्रतिवेदन

लेखा परीक्षण प्रतिवेदनको प्रतिलीपी

प्रस्ताव पेश गरेको अघिल्लो महिनासान्त सम्मको आय व्यय र वास्लात विवरण

संचालक समितिको बैठकको निर्णय प्रतिलिपी

संचालक समितिको नागरीकताको फोटोकपी

सहकारीको विनियमको प्रतिलिपी

अनुदान संचालनको लागि प्रस्ताव

व्यवसायिक योजना

अन्य आवश्यक कागजातहरु समेत

**पेश गर्ने :**

आधिकारीक व्यक्तिको नाम :

दस्तखत :

सहकारी संस्थाको नाम :

सहकारी संस्थाको छाप :

मिति :